नेपाल टप हुने विद्यार्थीलाई हेटौंडा उपमहानगरको सम्मान । पृष्ठ ५ मा

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-४
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक



● मकवानपुर, वर्ष-१६, अंक-०२ ● २०८० साउन ०८ गते सोमबार, ● 24 July, 2023, ● नेपाल सम्वत्-११४३, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## थाहामा लम्पी स्किन रोकथाम प्रयास

# नौ सय पशुलाई खोप

विकास संवाददाता
थाहानगर

पशुवस्तुमा महामारीकै रूपमा फैलिएको लम्पी स्किन रोगका कारण मकवानपुरको थाहानगरमा मात्र १६ वटा पशु चौपायको मृत्यू भएको छ । पालिकाले रोग विरूद्धका खोप तथा संक्रमण रोकथामका कार्यक्रमहरू संचालन गरिरहेको अवस्थामा पनि १६ वटाको मृत्यू भएको थाहा नगरपालिका पशु विकास शाखाले जनाएको छ ।

लम्पी स्किन रोगबाट चौपाया बचाउनका लागि किसानहरूले नगरको पशु सेवा शाखाबाट उपलब्ध औषधी लैजाने क्रम पनि जारी रहेको थाहा नगर पालिका पशु शाखाकी मनिषा कटुवाली मगरले जानकारी दिइन् । मगरका अनुसार-'थाहा नगरपालिका भित्र रहेका २ सय १६ गाई भैंसीलाई लम्पी स्किन रोग लागेको र ती मध्ये १६ वटा चौपायाको रोगको कारण मृत्यु भएको छ ।' उनले नगरपालिका भित्र रहेका ९ सय गाई भैंसीलाई लम्पिस्किन विरूद्धको भ्याक्सिन लगाइएको जानकारी दिइन् । १२ वटा वडा रहेको थाहानगरको वडा नम्बर १ मा २५, वडा नम्बर २ मा १५०, वडा नम्बर ३ मा १३०, वडा नम्बर ४ मा ९५, वडा नम्बर ६ मा २००, वडा नम्बर ८ मा १५०, वडा नम्बर ११ मा ५० र वडा नम्बर १२ मा १०० वटा पशुवस्तुलाई लम्पी स्किन विरूद्धको खोप लगाइएको शाखाले जनाएको छ । पालिकाको वडा नम्बर ५, ७, ९ र १० को कुनैपनि पशुलाई लम्पी स्किन विरूद्धको खोप लगाइएको छैन ।



पालिकाको १२ वटा वडामध्ये खोप नलगाइएको वडा नम्बर ७ मा सबैभन्दा बढि ६४ पशुमा संक्रमण भएको छ । संक्रमित मध्ये ६ वटाको मृत्यू भएको पशु शाखाले जनाएको छ । वडा नम्बर १ र २ मा एक/एक वटा, वडा नम्बर ४ मा ४ वटा र वडा नम्बर ८ मा ४ वटा पशुको लम्पी स्किन रोगका कारण मृत्यू भएको शाखाको अभिलेख छ ।

लम्पी स्किन गाईभैँसीलाई हुने एकदमै सङ्क्रामक रोग हो। लामखुट्टे, टोक्ने झिँगा र किर्नाजस्ता कीराको टोकाइबाट यो रोग सर्ने गर्छ। सङ्क्रमित गाईभैँसीको ओसारपसार, सामुदायिक चरणक्षेत्र दाना एवं पानी खाने साझा ठाउँ, प्राकृतिक वा कृत्रिम गर्भाधानबाट र पशु उपचार गर्ने क्रममा फरक गाईभैँसीमा एउटै सुईको प्रयोगबाट पनि यो रोग सर्ने पशु प्राविधिकहरूको भनाइ छ । गर्मीयाममा लामखुट्टे र किर्ना आदिको संख्या बढ्ने र ती कीरा बढी सक्रिय हुने भएकाले यसको प्रकोप अझ बढी देखिन्छ । गाईभैँसीलाई हुने एकदमै सङ्क्रामक रोग हो । लामखुट्टे, टोक्ने झिँगा र किर्नाजस्ता कीराको टोकाइबाट यो रोग सर्ने गर्छ ।

सङ्क्रमित गाईभैँसीको ओसारपसार, सामुदायिक चरणक्षेत्र दाना एवं पानी खाने साझा ठाउँ, प्राकृतिक वा कृत्रिम गर्भाधानबाट र पशु उपचार गर्ने क्रममा फरक गाईभैँसीमा एउटै सुईको प्रयोगबाट पनि यो रोग सर्छ । गर्मीयाममा लामखुट्टे र किर्ना आदिको सत्त्या बढ्ने र ती कीरा बढी सक्रिय हुने भएकाले यसको प्रकोप अझ बढी देखिन्छ।यो रोगको प्रभावकारी उपचार छैन । त्यसैले रोग लाग्न नदिनु नै उत्तम उपाय भएको पशु चिकित्सकहरू बताउँछन् । यो रोगको प्रभावकारी उपचार छैन। त्यसैले रोग लाग्न नदिनु नै उत्तम उपाय भएको पशु चिकित्सकहरू बताउँछन् ।

## राष्ट्रिय परिचयपत्र वितरणको तयारी

.... पृष्ठ-५ मा




## थाहानगर टिष्टुङको

# बागेश्वरीलाई विद्यालय बस

◆ विकास संवाददाता




थाहा नगरपालिकाको ११ को विद्यालय बागेश्वरी माविलाई विद्यालय बस सहयोग भएको छ । बागमती प्रदेश सामाजिक विकास मन्त्रालय मार्फत विद्यालय बस सहयोग भएको हो । प्रदेश सरकारले सामुदायिक विद्यालयमा बालबालिकाको सहज पहुँचका लागि यातायात सेवामा सहयोग गरेको हो ।

अब विद्यालयले बस संचालन गरी बालबालिकालाई सजिलै विद्यालय आउन र घर फर्कन सजिलो बनाइने विद्यालय व्यवस्थापन समितिका अध्यक्ष दिनेश बलले जानकारी दिए ।

वडाध्यक्ष समेत रहेका बलले भने-"बस सञ्चालन हुने भएपछि विद्यालयसँग आफ्नो घरको भौतिक दूरी टाढा भएका विद्यार्थीलाई सहजता मात्र पुगेको छैन, अभिभावकले पनि ढुक्कसँग आफ्ना नानीबाबुहरूलाई सामुदायिक विद्यालय पठाउन पाउनेछन् ।'

साविक टिष्टुङ गाविस हाल थाहाको ११ र १२ को एउटै मात्र माध्यमिक रहेको छ । विद्यालय टाढा हुँदा आर्थिक अवस्था कमजोर भएका अभिभावकलाई बालबालिका विद्यालय पठाउन निकै समस्या परेको थियो । विद्यालयमा सबै कक्षाका विद्यार्थीलाई नेपाल सरकार र प्रेमसागर फाउण्डेशनको समेत सहयोगमा निःशुल्क खाजा समेत खुवाइँदै आएको विद्यालयका प्रधानाध्यापक बिरमान स्याङ्तानले बताए ।

बाल कक्षादेखि १२ सम्म पढाई हुने विद्यालयमा थाहा ११ र १२ का खाप्लुङ, देउराली, गैरिगाउँ, तारूका, दोभानखोला, जगडाँडा, डाँडिघाट, ठाडे, मालागिरी, नौखण्डे, नागछेडा, गैरिगाउँ लगायतका स्थानका बालबालिकाहरू अध्ययनरत छन् । करिब विद्यालयमा ६ सय विद्यार्थीले अध्यन्त सो विद्यालयमा बससेवा आवश्यक हुने झण्डै तीनसय विद्यार्थी रहेका छन् ।

## रूप्से चौतारामा पशुस्वास्थ्य शिविर

◆ विकास संवाददाता

थाहा नगरपालिकाको पशु विकास शाखाले आन्तरिक तथा बाह्य परिजिवी नियन्त्रण अन्तर्गत वडा नम्बर ४ को रूप्सेमा पशु स्वास्थ्य शिविर सम्पन्न गरेको छ । वडाको टोल, टोलमा कृषि तथा पशु समूह र व्यक्तिगत पशुपंछीहरूलाई औषधि वितरण गरिएको हो ।

वडा पशु प्राविधिक रूपेश कुमार मिश्रका अनुसार-'शिविरको तेश्रो दिन थाहा ४ को रूप्से चौतारामा भएको शिविरमा १ सय जना कृषकले पालन गरेको गाई



भैंसी, कुखुरा, बाख्रा, खसी, बोका, राँगाको लागि औषधि वितरणका साथै ३५ वटा बोकाको कास्टेसिङ गरिएको छ ।'

वडा अध्यक्ष नारायण लामा, वडा सदस्य अभिनाश लामाको समेत उपस्तिथि रहेको कार्यक्रममा एक गाईलाई लम्पी स्किन विरूद्धको खोप समेत लगाइएको थियो ।



प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
कार्यालय: थाहा-८ सम्पर्क नं. ९८०७१५३३००
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

## • सम्पादकीय •

### बेरोजगार बढेको बढ्यै

आमनिर्वाचन ताका सबै राजनीतिक दलले देशमा व्यापक बेरोजगारीको स्थितिलाई अन्त्य गर्ने भनेर प्रतिबद्धता जनाउँछन् । उनीहरु आफ्नो घोषणापत्रमा आउँदो पाँच वर्षमा दशदेखि पच्चिस लाखसम्मलाई रोजगारी दिने भनी उल्लेख गर्दछन् । वार्षिक करिब चार लाखको संख्या कुनै न कुनैरूपमा श्रमबजारमा आउने गरेका विवरणहरूले देखाउने गरेको छ । यही विवरण देखाउँदै आफूले निर्वाचन जितेमा यी सबै बेरोजगारको संख्या सम्बोधनमा पर्ने भनी दलहरूले यो आवधिक समयमा रोजगारी दिने भनी एकमुष्ठरूपमा त्यस्तो संख्या किटानी गरेको हुनुपर्छ । बेरोजगारी बढिरहेको देशमा जति ठूलो संख्यालाई रोजगारी दिने भनियो त्यति नै बढी मत पाइने विश्लेषणका आधारमा यस्तो संख्या तोकेका हुनुपर्छ । तर व्यवहारमा चाहिँ लाखले निवेदन दिए भने हजारले मात्र रोजगारी पाएको देखिन्छ । यसले श्रमबजारमा आउने संख्या विकराल बन्दै गएको अर्थात् बजारमा श्रमिकको संख्या विकरालरूपले थुप्रिँदै गएको बुझाउँछ ।

हालै सार्वजनिक भएको एउटा विवरणअनुसार गएको वर्ष प्रधानमन्त्री रोजगार कार्यक्रममा सूचीकृत हुने बेरोजगारको संख्या लाखभन्दा माथि थियो । यो कार्यक्रम सञ्चालनमा आएको आधादशक भइसकेको छ । रकमको हिसाबले पनि धेरै ठूलो अंक करिब १६ अर्ब पुगेको छ । यस्तो बेला लाखले रोजगार मागे भने राज्यले चाहिँ हजारमा मात्र उपलब्ध गराउने गरेको विवरण वास्तवमा बेरोजगारले पर्याप्त मात्रामा रोजगारी पाएको नै बुझाउँछ । विवरणमा आएअनुसार गएको आर्थिक वर्षमा उल्लेखित कार्यक्रम प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि आठ लाख ४१ हजार तीन सय ७९ जनाले बेरोजगार रहेको भनी आवेदन हालेका थिए । उनीहरू बेरोजगार हुन् भनी सूचीकृत पनि भए । यो संख्यामा चार लाख ५३ हजार चार सय ४५ जना महिला र तीन लाख ८७ हजार नौ सय एक जना पुरुष र ३३ जना अन्य रहेको भन्ने अभिलेख बन्यो । तर रोजगारी भने साढे ९० हजारको हाराहारीले मात्रै पाए । सरकारी बुझाइमा यो राष्ट्रिय लक्ष्यअनुसार नै हो । त्यसो होला पनि तर यसले सरकारी अभिलेखमा नै बेरोजगार भनी सूचीकृत भएमध्येको ठूलो संख्याले रोजगारी नपाएको भन्ने नै देखाउँछ । सार्वजनिक भएका विवरणहरू सही हुन् भने सरकारले गम्भीरतापूर्वक सोच्नुपर्ने समय आइसकेको छ ।

केही समयपहिले सरकारले प्रधानमन्त्री रोजगार कार्यक्रमको पुनर्संरचना गरेर कुनै बेरोजगारलाई न्यूनतम एक सय दिनको रोजगारी दिने नीति लिएको थियो । तर सूचीमा दर्ता भएकाहरूले पनि वर्षको यो तीन महिनाको रोजगारी पाएनन् । निश्चय नै वर्षभर रोजगारी नपाउनुभन्दा कम्तीमा एकचौथाइ समय भए पनि रोजगारी पाउनु राम्रो हो । तर कुनै गरिब परिवारको एउटा सदस्यले न्यूनतमरूपको पारिश्रमिकले बाँकी आठमहिना कसरी गुजारा चलाउँछ भन्ने राज्यले सोचेको जस्तो देखिएन । केबल निर्वाचनमा लगाइएको नारालाई हलुकारूपले कार्यान्वयनमा ल्याएको जस्तो मात्रै भएको अवस्था हो यो । यो रोजगारीमा पनि जति रकम खर्च भएको छ त्यो उत्पादनमूलक होइन । उत्पादनमूलक थियो भने त्यो एक प्रकारले स्थायीजस्तै हुने थियो । सुरूदेखि नै यसबारे कुरा उठ्दै आएको छ तर सरकार सुन्न तयार देखिएको छैन । बेरोजगारीका सन्दर्भमा यो झनै दुःखद् पक्ष हो । संविधानमै उल्लेख रोजगारको अधिकारको विषयमा संघ, प्रदेश र स्थानीय तह सबै योजनावद्ध रुपमा लाग्नू पर्ने देखिन्छ ।

### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौंडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# विद्युतीय भुक्तानी सुरक्षा र नागरिक अधिकार



◆ भोलानाथ ढुंगाना

आजभोलि चिया पसलदेखि ठूल्ठूला संस्थागत कारोवारका लागि परम्परागत नगद वा चेक भुक्तानीको सट्टामा विद्युतीय भुक्तानीका तरिकाहरू अपनाइन्छन् । जसमा क्यूआर, मोवाइल वालेट, कार्ड, कनेक्ट आईपीएस, आरटीजीएस जस्ता इन्टरनेट तथा कार्डमा आधारित माध्यमहरू प्रयोग हुन्छन् । चल्तीको शव्दमा भन्नुपर्दा डिजिटल पेमेण्ट अर्थात् विद्युतीय भुक्तानीको प्रचलन बढ्दो छ । सन् २०२० मा सुरू भएको कोभिड महामारीका कारण विद्युतीय भुक्तानीको विकास र प्रयोग झन् ह्वात्तै बढेको छ । नेपाल राष्ट्र बैंकले गरेको एक अध्ययनअनुसार सन् २०२१ को जुलाइ महिनामा नेपालमा मोबाइल वालेट प्रयोगकर्ताको संख्या ८८ लाख ८५ हजार रहेकोमा जुलाइ २०२२ मा १ करोड ३६ लाखभन्दा बढी रहेको देखाएको छ । यो संख्या सन् २०२० को सोही समयमा करिब ६२ लाख ७४ हजार रहेको थियो । यसले पनि नेपालमा डिजिटल भुक्तानीको बढ्दो लोकप्रियतालाई देखाउँदछ। अहिले त केन्द्रीय बैंकले मुद्रा नै डिजिटल बनाउन अर्थात् डिजिटल करेन्सीको लागि अध्ययन एवं गृहकार्य गरिहेको छ । त्यसैले भुक्तानी प्रणालीमा अबको भविष्य भनेकै विद्युतीय भुक्तानी एवं कारोबारको हो ।

तर इन्टरनेटको सहयोगमा हुने यी अनेकन भुक्तानीका माध्यमहरूको सुरक्षा जोखिम चुनौतीको विषय हो। नागरिकका हिसाबले आफ्नो जीवनको अधिकार, अभिव्यक्ति स्वतन्त्रता, हिंडडुलको स्वतन्त्रता, सम्पत्तिको अधिकारको सुरक्षा सरह आफुले कमाएर बैंकमा जम्मा गरेको रकम अर्थात् पैसाको सुरक्षा उत्तिकै चासोको विषय हो । यो पनि उनीहरूको अधिकार हो, किनकि आफ्नो कमाइको पैसा त झन् महत्त्वपूर्ण सम्पत्ति हो। डिजिटल भुक्तानीको सुरक्षामाथि आउने चुनौतीले नागरिकलाई मात्र होइन कि सिंगो वित्तीय प्रणालीको सुरक्षालाई नै चुनौति थपिदिन्छ ।

कुनै पनि प्रकारका विद्युतीय कारोबारमा आबद्ध हुन प्रयोगकर्तासंग बैंक खाता हुनु अनिवार्य छ। बैंकखाता खोल्दा व्यक्तिका पहिचानका विवरणहरू लिइन्छ, जुन आजभोली डिजिटल माध्यमबाट पनि संकलन गरिन्छ र भौतिकरूपमा लिइएका विवरणहरू समेत डिजिटलाईज गरिएका हुन्छन् । बैंक खातालाई मोबाइल नम्बर वा अन्य डिजिटल भुक्तानीका माध्यमसंग अन्तरआबद्ध गराई विद्युतीय कारोबारलाई सहजीकरण गरिन्छ ।

विद्युतीय माध्यमबाट हुने कुनै पनि भुक्तानीको सुरक्षाको लागि प्रयोगकर्ता र सम्बन्धित सेवा प्रदायक जस्तै बैंक, वित्तीय संस्था, भुक्तानी प्रणाली संचालक, भुक्तानी सेवा प्रदायकहरू दुवै पक्ष सचेत हुनु आवश्यक छ । विद्युतीय भुक्तानीको सेवा प्रदान गर्ने संस्थाहरूमा ग्राहकहरूको सम्पूर्ण सूचना एवं तथ्यांक रहने हुँदा ती संस्थाहरूको सूचना प्रविधि प्रणालीको सुरक्षा व्यवस्था कस्तो छ भन्ने कुराले नै विद्युतीय भुक्तानीको सुरक्षा र नागरिकहरूको आफ्नो व्यक्तिगत विवरणको गोपनियताको साथै कारोबारको सुरक्षाको अधिकारको प्रत्यभूति गर्दछ।

विद्युतीय भुक्तानी संचालन सम्बन्धी कार्यलाई नेपालमा मूलतः भुक्तानी तथा फर्स्योट ऐन, २०७५ ले कानुनी मार्गनिर्देश प्रदान गर्दछ। जस अन्तर्गत रही नेपाल राष्ट्र बैंकले नियमनकारी निकायकोरूपमा भुक्तानी सम्बन्धी कार्य गर्ने संस्थाहरूलाई अनुमति प्रदान गर्ने तथा नियमन गर्ने गर्दछ। नेपाल राष्ट्र बैंकले सोही ऐनले दिएको अधिकार प्रयोग गरी भुक्तानी सम्बन्धी कार्य गर्ने संस्थाहरूले विद्युतीय भुक्तानी सेवा संचालन गर्दा अपनाउनु पर्ने प्रणालीगत एवं संचालन जोखिम व्यवस्थापन सम्बन्धी मापदण्ड एवं निर्देशनहरू जारी गरेको छ ।

जस अनुसार विद्युतीय भुक्तानी संचालन गर्ने बैंक वित्तीय संस्था होस् वा अन्य अनुमतिप्राप्त संस्थाहरू सबैले भौतिक सुरक्षाको वातावरणका साथै सूचना प्रविधिको हार्डवेयर तथा नेटवर्क सुरक्षा, लजिकल एक्सेस कन्ट्रोल, कम्प्यूटर भाईरस तथा मालवेयर प्रोटेक्सन, ग्राहक तथ्यांकको गोपनियता, विश्वसनियता तथा गुनासो व्यवस्थापन, घटना घट्दा सहायता तथा सो को व्यवस्थापन, साईवर सुरक्षाा तथा साईवर प्रतिरोध, सूचनाको वर्गीकरण तथा पहँच व्यवस्थापन, समग्र प्रणालीको लेखापरीक्षण लगायत सुरक्षा र सुशासनको विविध विषय समावेश गरी स्पष्ट आन्तरिक नीतिगत प्रवन्ध एवं कार्ययोजना बनाई लागु गर्नु पर्दछ ।

त्यसैगरी भुक्तानी प्रणालीको सुरक्षाको लागि कम्तीमा पनि फाएरवाल, एन्टीभाईरस तथा मालवेयर डिटेक्सन सफ्टवेयर, ग्राहकले दिएको निर्देशनको पहिचान तथा प्रतिरोध प्रणाली (इन्स्ट्रक्सन डिटेक्सन-प्रिभेन्सन सिस्टम), अनुगमन तथा लग विश्लेषण उपकरण तथा उपायहरू, क्रिप्टेग्राफिक सिस्टमको व्यवस्था अनिवार्यरूपमा मिलाउनु पर्दछ । त्यस्तै विगतदेखिको कारोबार पत्ता लगाउन सकिने गरी भुक्तानी कारोबारमा प्रयोग हुने कम्प्युटर तथा उपकरणहरूमा अडिट ट्रेलको व्यवस्था मिलाउनु पर्ने हुन्छ।

विद्युतीय माध्यममार्फत हुने भुक्तानी कारोबारलाई सुरक्षित, भरपर्दो एवं विश्वसनीय बनाउन विद्युतीय कारोबार आधिकारिकता प्रमाणीकरणका लागि दुई तहको प्रमाणीकरणको (टु फ्याक्टर अथेन्टिकेशन) को व्यवस्था गर्नुपर्ने, सो कुरा प्रयोगकर्ताले कारोबारको लागि प्रयोग गर्ने उपकरण जस्तै मोबाईल, ल्यापटप, कम्प्युटरमा लगइन गर्दा र पासवर्ड परिवर्तन गर्दा समेत आवश्यक हुने व्यवस्था गर्नुपर्दछ ।

विद्युतीय कारोबारको क्रममा अर्को महत्वपूर्ण पक्ष ग्राहकको तथ्याकं सुरक्षा प्रत्याभूति हो । भुक्तानी कारोबार संचालन गर्ने संस्थाले प्रणालीको डेटाबेसलाई अध्यावधिक गर्न त्यस्को प्रणालीमा जो सुकैको पनि सिधा पहुंच नहुने गरी आधिकारिक कर्मचारीको सूक्ष्म निगरानीमा गर्ने व्यवस्था मिलाउनु पर्दछ। कारोबार तथा कार्डसंग सम्बन्धित सम्बेदनशील सूचनाको सुरक्षाको प्रत्याभूति गर्न चिप कार्डको व्यवस्था, कार्डको प्रकृति अनुसार अन्तर्राष्ट्रियरूपमा ख्यातिप्राप्त पेमेण्ट कार्ड इन्डष्ट्रि डेटा सेक्यूरिटी स्टान्डर्ड (पीसीआई-डीएसएस), भुक्तानी कारोवारको लागि ख्यातिप्राप्त यूरो पे, मास्टर कार्ड र भिसाले विकास एवं अवलम्बन गरेका सुरक्षा मापदण्ड अर्थात इएमभी स्टान्डर्ड, इएमभी कन्टाक्टलेस स्टान्डर्ड जस्ता अन्तर्राष्ट्रियरूपमा प्रचलित मापदण्डहरूको प्रयोग गर्नुपर्दछ । उपकरणको हकमा कारोबार संचालन गर्ने संस्थाहरूले जहिलेपनि आधिकारिक अर्थात जेन्यूअन उपकरण मात्र प्रयोग गर्नु पर्ने हुन्छ ।

अन्तर्राष्ट्रिय गुणस्तर मानक संस्था तथा अन्तर्राष्ट्रिय विद्युतीय प्रविधि आयोगले सूचना प्रविधि सुरक्षा सम्बन्धमा वृहद मापदण्डहरूको विकास तथा सिफारिश गरेको छ। जसलाई आइएसओ-आईइसी २७०० सिरिज पनि भनिन्छ। यस अन्तर्गतको आईएसओ २७००१ भुक्तानी प्रणालीको सुरक्षा मापदण्डसंग सम्बन्धित छ, नेपालमा संचालनमा रहेका भुक्तानी प्रणाली संचालन गर्ने संस्थाहरूले पनि यी मापदण्डहरूको पालना गर्नुपर्ने हुन्छ ।

यसरी विद्युतीय भुक्तानी कारोबार गर्ने संस्थाहरूले पर्याप्त मापदण्ड पुरा गरेर मात्र कारोबार एवं सेवा संचालन गर्न सक्दछन् । मापदण्डको परिपालना सुरूमा स्थापनाको क्रममा मात्र होइन, यो निरन्तर पालना गरिरहनु पर्ने व्यवस्था हो । तर मुख्य प्रश्न विद्युतीय भुक्तानी संचालनकालागि स्थापित संस्थाहरूले यी मापदण्डहरू कति गम्भीररूपमा पालना गरेका छन् भन्ने हो । नेपाल राष्ट्र बैंकको २०८० बैशाख मसान्तसम्मको अभिलेख अनुसार नेपालमा १० वटा भुक्तानी प्रणाली संचालक र २७ वटा भुक्तानी सेवा प्रदायक संस्थाहरूले विद्युतीय भुक्तानी कारोवारको लागि अनुमति (लाइसेन्स) लिएका छन् । के यी सबै संस्थाले माथि उल्लेख गरिएका स्वयं नेपाल राष्ट्र बैंकले तोकेका मापदण्डहरू पुरा गरेका छन् ? यो सबैभन्दा महत्पूर्ण पश्न हो ।

सूचना प्रविधि त्यसमा पनि वित्तीय सूचना प्रविधिमा द्रुततर विकास भईरहेको यथार्थतामा अध्यावधिक प्रविधिसंगको हाम्रो पँहुच, सोको अवलम्बन गर्न सक्ने आर्थिक तथा अन्य प्राविधिक क्षमता, जसलाई संचालन गर्ने दक्ष जनशक्ति व्यवस्थापन र यी संस्थाहरूको सुशासन अत्यन्त महत्वपूर्ण छ। समय समयमा हामीले सुन्दै, भोग्दै र देख्दै आएको सिस्टम ह्याक, तथ्यांक चोरी, अनधिकृत रकम झिक्ने तथा स्थानान्तरणका समाचारहरू प्रणालीमा देखिने यिनै कमजोरीका कारण हुने गर्दछन् ।

ह्याकरहरूले प्रयोग गर्ने ह्याकिङ्ग टुल्स अर्थात उपकरणहरू अहिले विगतको

*बाँकी पृष्ठ ३ मा*

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
www.bikaskhabar.com
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७
कार्यालय: थाहा-४ सम्पर्क नं. ९८०७५३३००

# विद्यालयको कारण बालबालिकामा मानसिक समस्या आउला है !

मानसिक समस्या कुनै एउटा कारणले मात्र हुँदैन । अहिलेसम्म भएका शोध तथा अनुसन्धान अनुसार जैविक, मनोवैज्ञानिक र सामाजिक कारक तत्वहरूले मानसिक समस्या निम्ताउने गर्छ ।

वयस्क जस्तै बच्चाहरूमा पनि मानसिक रोग सामान्य समस्या हो । बालबालिकामा मानसिक स्वास्थ्य समस्या बढ्नुमा परिवारसँगै समाज र विद्यालय पनि उत्तिकै जिम्मेवार हुन्छ ।

बच्चाले लामो समय विद्यालयमा बिताउने गर्छन् । त्यसैले घरका साथै विद्यालयको वातावरणले पनि बच्चाको मानसिक स्वतथ्यलाई धेरै असर गरिरहेको हुन्छ । विद्यालयको वातावरण, शिक्षक र साथीहरूको कारण बालबालिकामा मानसिक समस्या निम्तिन सक्छ ।

### विद्यालयका कारण बच्चामा मानसिक समस्या

पढाइको चाप सबै बालबालिकालाई एकै किसिमको हुँदैन । कसैलाई त्यही पढाइ अप्ठ्यारो लाग्न सक्छ भने कसैलाई सजिलो । यो हरेक बालबालिकामा भर पर्ने कुरा हो । त्यसैले विद्यालयको पढाइको चापले सबै बच्चालाई मानसिक असर गर्छ भन्ने हुँदैन । तर कुनै बालबालिकालाई पढाइ, होमवर्क आदिको चापले पनि तनाव दिइरहेको हुन्छ ।

विद्यालयको वातावरण कस्तो छ, साथीहरूसँगको सम्बन्ध कस्तो छ, शिक्षकसँगको सम्बन्ध कस्तो छ, पढाउने तरिका कस्तो आदि कुराले बालबालिकामा मानसिक समस्या देखिन सक्छ । बच्चाले पढाइमा ध्यान दिंदैनन् र विद्यालय जान मान्दैनन् भने केही कारण हुनसक्छ । बालबालिकालाई पढाइलेखाइमा समस्या हुनुमा अन्य रोगका कारण पनि भइरहेको हुन्छ ।

एइपेसिफिक लर्निङ डिसअर्डर 'एसएलडी' समस्यामा बालबालिकालाई पढाइलेखाइमा नै गाह्रो हुन्छ । एउटा छापेको कुरा पढ्न गाह्रो हुने 'रिडिङ डिसअर्डर', अर्को लेख्दा धेरै गल्ती हुने 'राइटिङ डिसअर्डर । यो भनेको पढाइलेखाइसम्बन्धी रोग हो ।

केही बालबालिकामा अर्को 'एडीएचडी डिसअर्डर' ध्यान दिन गाह्रो हुने समस्या पनि हुन्छ । एकै ठाउँमा थिर भएर बस्न सक्दैनन् । यस कारण पनि बच्चाले पढाइमा ध्यान दिन सक्छन् । साथै बालबालिकामा शारीरिक समस्या भएर पनि उनीहरूले पढाइमा ध्यान दिन नसकेको हुन सक्छ ।

### बच्चामा विद्यालयका कारण समस्या भएको छ भने यस्ता लक्षण देखा पर्छन्

कुनै कुरामा ध्यान केन्द्रित गर्न नसक्नु, बिना कारण डराउने, विद्यालय जान मन नगर्ने जस्ता लक्षण देखिए बच्चामा मानसिक समस्या भएको हुन सक्छ ।

पढाइमा राम्रो बच्चाको पढाइ बिग्रँदै गएको छ, शिक्षक तथा साथीसँग गर्ने व्यवहार परिवर्तन हुँदै गएको भने यो पनि मानसिक समस्याको लक्षण हुन सक्छ ।

### बच्चालाई यस्तो समस्याबाट बचाउने उपाय

विद्यालयको वातावरण बालमैत्री हुनुपर्छ । विद्यालयमा बालबालिकालाई किताबको कुरा मात्र पढाउने भन्दा पनि प्रयोगात्मक शिक्षा दिनुपर्छ । यसरी पढाइ रमाइलो हुन्छ र बच्चाको रूचि पनि बढ्छ ।

हरेक बच्चा फरक किसिमका हुन्छन् । उनीहरूलाई पढाउने तरिका पनि फरक हुन्छ । त्यसैले पढाउँदा फ्लैक्स कार्ड, चित्र, चार्ट, साउन्ड तथा दृश्यको पनि प्रयोग गर्न सकिन्छ । यसले पढाइलाई रोचक बनाउनुका साथै पढाइप्रति बच्चाको मन रहिरहन्छ । हामीले बालबालिकाको भावना सेयर गर्ने मौका दिएका हुँदैनौं । त्यसैले उनीहरूसँग कुराकानी गर्ने, निर्णय कसरी लिने, प्रतिक्रिया कसरी जनाउने जस्ता कुरा सिकाउनुपर्छ । जसले गर्दा उनीहरू मानसिक समस्याबाट बच्न सक्छन् ।

## विद्युतीय भुक्तानी... . .

तूलनामा सस्तो, सरल र शक्तिशाली एवं कम सीप ज्ञान भएका व्यक्तिहरूले पनि प्रयोग गर्न सक्ने किसिमका पाइन थालेका छन् । त्यसमा पनि मोबाइलमा आधारित सेवाको मात्रा बढ्दे जाँदा सुरक्षा चुनौति अझै थपिएका छन्, जसबाट हमलाकारीहरूले साना कारोबार गर्ने ग्राहकदेखि ठूला संस्थाहरूलाई आफ्नो निशानामा पार्ने गर्दछन् । साईवर सुरक्षा चुनौतिमार्फत विद्युतीय भुक्तानी प्रणालीमा आउने जोखिमका लागि नियमनकारी निकाय तथा भुक्तानी प्रणाली संचालन गर्ने संस्था दुवैले सेवा संचालन र सूचना प्रविधि बीचको अन्तरसम्बन्ध र यसको लागि आवश्यक पर्ने पूर्वाधारको तयारी एवं जोखिमको व्यवस्थापनमा मूलभूतरूपमा ध्यान पु-याई काम गर्नुपर्ने हुन्छ । उदाहरणको लागि, नेपाल राष्ट्र बैंकले अनुमति प्रदान गरेका भुक्तानी सेवा संचालक तथा सेवा प्रदायक मध्ये कति संस्थाले डिजास्टर रिकभरी साइटको व्यवस्था गरका होलान्, जसले गर्दा कुनै साईवर हमलाको कारण एकठाउँबाट ग्राहक तथ्यांक नष्ट भएतापनि अर्को ठाउँबाट सो को पुनर्स्थापन अर्थात रिकभरि हुन सकोस् । यसको लागि बलियो र चुस्त नियमन मुख्य कुरा हो ।

भुक्तानी सेवा संचालन गर्ने संस्थाले पुरा गर्नुपर्ने मापदण्ड र नियमनकारी निकायको नियमनले मात्र पनि विद्युतीय भुक्तानी कारोबार सुरक्षित हुने होइन । त्यसको लागि सेवा प्रयोगकर्ता अर्थात तपाईं हाम्रो पनि उत्तिकै भूमिका रहन्छ । ह्याकरहरूले मात्र होइन, गलत मनासाय भएका व्यक्तिहरूले आम सर्वसाधारणलाई विभिन्न सामाजिक संजाल, टेलिफोन, इमेलमार्फत पिन नम्बर, पासवर्ड माग्ने, फुत्काउने कोशिस गर्ने गर्दछन्, जसबाट थप कुनै मेहनत नै नगरी खाताको र कम चोरी हुने गर्दछ । कहिले काँही व्यक्ति आफ्नै लापरवाहीले पासवर्ड, पिन नम्बर जस्ता सम्बेदनशील विवरण अरूलाई दिने गर्दा पनि जोखिम हुन्छ । त्यस्तै सरल र सहजै अनुमान गर्न सकिने पासवर्ड तथा पिन नम्बर राख्ने, लामो समयसम्म पासवर्ड तथा पिन नम्बर परिवर्तन नगर्दा पनि जोखिम हुन्छ । विद्युतीय प्रणाली भित्र रहेको आफ्नो विवरण तथा आफ्नो कमाईको पैसा सुरक्षा गर्न ग्राहक पनि सचेत हुनुपर्दछ ।

अतः तीव्र रूपमा विकास भईरहेको विद्युतीय भुक्तानी कारोवार समग्र वित्तीय व्यवस्थाको हिस्सा बनिसकेको छ । यसको सुरक्षाको जिम्मेवारी राज्य, सेवा संचालनकर्ता तथा नागरिक सबैको हो । तर मूल जिम्मेवारी फेरि पनि नियमनकर्ता र सेवा संचालनकर्ताको हुन्छ । यसमा सबैको ध्यान जानु आवश्यक छ ।

(ढुंगाना डिजिटल राइट्स नेपालका महासचिव हुन्)

# मिश्री कति गुणकारी ?

मिश्रीलाई चिनीको विशुद्ध रूप मानिन्छ । स्वादका लागि जति प्रख्यात छ उति नै गुणकारी पनि छ मिश्री । खासगरी खीर र अन्य गुलियो परिकार बनाउन प्रयोग गरिने मिश्रीका धेरै फाइदा हुँदाहुँदै पनि प्रयोग भने निकै कम हुने गरेको देखिन्छ । गुलियोका लागि चिनीकै प्रयोग अत्यधिक हुने गरेको छ ।

चिनीको अत्यधिक प्रयोगले रगतमा ग्लुकोजको मात्रा बढ्ने सम्भावना हुन्छ । जसकारण इन्सुलिन नामक हार्मोनको प्रभाव कम हुन थाल्छ, त्यसले मधुमेहको जोखिम बढाउँछ । योसँगै कोलेस्टेरोल पनि बढ्ने सम्भावना हुन्छ ।

तर मिश्रीले त स्वाद मात्र बढाउँदैन यसका फाइदाहरू पनि थुप्रै छन् । फाइदा र गुणबारे ज्ञानको अभावमा यसको प्रयोग घट्दै गएको हो । मिश्री खानमा मात्र होइन प्रायः आयुर्वेदिक औषधिमा पनि प्रयोग गरिन्छ । तर यसको फाइदाबारे जानकार नभएरै होला धेरैले चिनीलाई नै प्राथमिकता दिन्छन् । जसले दीर्घरोग बढाउन भूमिका खेलिरहेको हुन्छ । मिश्रीमा स्वास्थ्यमा देखापर्ने विभिन्न साना समस्या निको पार्न सक्ने क्षमता छ ।

### के छन् फाइदा ?

- घाँटी दुख्ने वा रूघाखोकी लागेमा मिश्रीको सेवन गर्नु निकै फाइदाजनक मानिन्छ ।
- मिश्री आँखाका लागि निकै फाइदाजनक मानिन्छ । किनभने यसमा भिटामिन प्रशस्त मात्रामा पाइन्छ ।
- यसले रक्तअल्पताको समस्यामा राहत मिल्छ । शरीरमा हेमोग्लोबिनको मात्रा बढाउने भएकाले रगतको कमीबाट बचाउँछ ।
- ग्लुकोजको मात्रा हुने भएकाले शरीरलाई तत्काल ऊर्जा दिन्छ ।
- मिश्री पेटका लागि निकै फाइदाजनक मानिन्छ । यसमा पाचन गुण हुन्छ, जसले खाना पचाउन मद्दत गर्छ ।

### कसरी बन्छ मिश्री ?

मिश्री उखुको रसबाट बन्छ । उखुको रस चिनी निकाल्ने प्रक्रिया जस्तै मिश्रीको पनि बन्ने प्रक्रिया उस्तै हो । तर फरक यति मात्र हो, यसलाई प्रशोधित नगरी बनाइन्छ । उखुलाई मेसिनमा पेलेर रस निकालिन्छ । त्यसबाट फोहोर छानिन्छ । त्यसपछि त्यसको रसमा पानी राखेर बफाइन्छ । त्यसमा दूध पनि मिसाइन्छ । ताकि यसको रङ सेतो र सफा देखियोस् । त्यसपछि त्यसलाई डल्लो बनाएर तयार गरिन्छ । मिश्रीमा धाँगो राखिन्छ किनभने त्यसले ती डल्लाहरूलाई अड्काउन मद्दत गर्छ । बजारमा धाँगो भएका डल्ला मिश्री, धागो नभएका ठूलो मिश्री र मेसिनले मसिनो पारेको मिश्री बजारमा पाइन्छन् । चिनी उद्योगले मिश्री उत्पादन गर्न सक्ने भएपनि नेपालमा भारतबाट नै धेरै मिश्री आयात हुने गरेको देखिन्छ ।

### चिनीको विकल्पमा मिश्री किन ?

चिनीले तौल छिट्टै बढाउन सक्छ र सन्तुलित राख्छ । यसबाहेक स्तनपान गराउने आमाले मिश्रीको गर्न सल्लाह दिइन्छ, जसले उनीहरूको स्वास्थ्य पनि राम्रो हुन्छ र बच्चामा कुनै नराम्रो प्रभाव हुँदैन ।

त्यसैले चिनीको दैनिक प्रयोग गर्ने चिया, कफीजस्ता पेयमा चिनीको सट्टा मिश्री प्रयोग गर्न सकिन्छ । तर थोरै गुलियोपनमा चिनी जतिको मिठासपूर्ण नहुन सक्छ । आजभोलि मानिसहरू स्वास्थ्यप्रति सचेत छन् । त्यसैले चिनी नै चटक्कै छोड्न पनि थालेका छन् । उनीहरूले यसको विकल्पमा मिश्री रोज्न सक्छन् । तर मधुमेहका बिरामीका लागि भने चिनी होस् वा मिश्री दुवै हानिकारक हुन्छ ।

### मिश्रीको प्रयोग

आयुर्वेदले सख्खरभन्दा पनि मिश्री प्रयोग गर्नु फाइदाजनक भनेको छ । खासगरी पेट, खोकी र दमको औषधिमा मिश्री प्रयोग गरिन्छ । त्यस्तै घरको भान्छामै पनि सजिलै मिश्रीलाई प्रयोग गरेर धेरै स्वास्थ्य समस्याबाट राहत पाउन सकिन्छ ।






# मत्स्य प्रवर्धन केन्द्र हेटौंडाको १३ बिघा जग्गा अतिक्रमण

◆ विकास संवाददाता

मकवानपुरको हेटौंडा ५ स्थित प्राकृतिक जलाशय मत्स्य प्रवर्धन एवं संरक्षण केन्द्रको नाममा रहेको जग्गा अतिक्रमण भएको खुलेको छ । मत्स्य केन्द्रको नाममा रहेको ४९ हेक्टर जग्गा मध्ये १३ बिघा १३ का १० धुर जग्गा अतिक्रमण भएको खुलेको हो ।

मत्स्य प्रवर्द्धन केन्द्र हेटौंडाले आफ्नो अतिक्रमित भएको जग्गाको विवरण जिल्ला प्रशासन कार्यालय मकवानपुर लाई गत जेठ ८ गते जानकारी गराएको पत्र सार्वजनिक भएपछि अतिक्रमण भएको खुलेको हो ।

पत्र अनुसार कित्ता नम्बर ९६ को ८ बिघा १३ का १८ धुर जग्गामा पिप्ले युवा क्लबले रंगशाला निर्माण, हेल्थ पोष्ट र कार्यालयको भवन समेत अतिक्रमण गरी रेष्टुरेन्ट सञ्चालन गरिएको जनाइएको छ । कित्ता नम्बर ९६ को २ का १/५ धुर अतिक्रमित जग्गामा उद्धव चौलागाईंले जस्ताको टहरा बनाई पसल सञ्चालन गरेका छन् भने सनम श्रेष्ठले १ का १.५ धुर जगमा जस्ताकै टहरा बनाई रेष्टुरेन्ट सञ्चालन गर्न भाडामा दिएको उल्लेख छ ।



यसैगरी, कृष्णप्रसाद पुरी, रामकृष्ण कुँवर, विष्णु दंगालले क्रमशः १ का १२ धुर, १ का ३ धुर, २ का ५ धुर सरकारी जग्गा अतिक्रमण गरी भौतिक संरचना निर्माण गरी रेष्टुरेन्ट सञ्चालन गर्न भाडामा दिएका छन् । जीतलाल महर्जनले १ का ३ धुर जग्गा अतिक्रमण गरी जस्ताको टहरा बनाई पसल सञ्चालन गरेका छन् । कालु स्याङ्तानले १ का ५ धुर, विष्णु दंगालले २ का ५ धुर र पदम बहादुर खड्काले २ का चार धुर जग्गा अतिक्रमण गरी रेष्टुरेन्ट सञ्चालन गरि रहेको बताएको छ ।

यसैगरी, प्रेमबहादुर परियारले १ का क्षेत्रफलमा रहेको केन्द्रको भवन नै अतिक्रमण गरी कुखुरा पालन गरिरहेको पत्रमा उल्लेख छ । मत्स्य प्रवर्द्धन एवं संरक्षण केन्द्रको नाममा रहेको ४९ हेक्टर जग्गा मध्य नापी कार्यलय र मालपोत कार्यालय हेटौंडाको मिलेमतोमा सरकारी जग्गा व्यक्तिको नाममा पास गरिएको पाइएको हो ।

सरकारी जग्गालाई ८/९ धुरमा विभाजन गरी १० जनाको नाममा पास भएको पाइएको प्राकृतिक जलाशय मत्स्य प्रवर्द्धन एवं संरक्षण केन्द्र हेटौंडा प्रमुख सरोज कुमार यादवले बताए । सरकारी जग्गा व्यक्तिको नाममा पास भएको विषयमा मालपोत कार्यलयलाई जानकारी गराएको यादवले बताए ।

# हेटौंडा अस्पतालमा २ वटा डाइलासिस मेसिन थपियो

◆ विकास संवाददाता

हेटौंडा उपमहानगरपलिकाले डाइलासिस् सेवालाई थप प्रभावकारी बनाउँन हेटौंडामा दुई वटा मेसिन थप गरेको छ । किड्नीका बिरामीलाई लक्षित गर्दै उपमहानगरले आरोग्य फाउण्डेसनले हेटौंडा ११ चुरेहीमा सञ्चालन गरेको दुई मेसिन हेटौंडा अस्पतालमा रहेको हेटौंडा डाईलासिस्मा थप गरेको हो ।

चुरेहीलमा डाईलासिस उपचार बन्द भएपछि मेसिनलाई हेटौंडा डाईलासिस्मा प्रयोगमा ल्याउन उपमहानगरले फाउण्डेसनसँग सहकार्य गर्दै अस्पतालमा सेवालाई थप प्रभाकारी बनाउँ लाग्नुपर्ने बताइन् । स्वास्थ्य र शिक्षाको अवस्था कम्जोर भएकै कारण बाह्य जिल्लाका मानिसको नजर हेटौंडामा परेको उनले बताइन् । अहिले बिस्तारै दुवै क्षेत्रको स्थिती सुधारउन्मुख रहेकाले त्यसको व्यवस्थापनमा उपमहानगर लाग्ने बताइन् ।

कार्यत्रममा मकवानपुरका प्रमुख जिल्ला अधिकारी सुर्य सेढाईंले खानपान र औषधि जन्य पदार्थको सेवनमा ध्यान नदिँदा किड्नीका बिरामीको संख्या अधिक मात्रमा बढेको बताए । उनले रोगको



थप मेसिन सञ्चालनमा ल्याएको नगर प्रमुख मीनाकुमारी लामाले बताइन् । मेसिन बन्द रहँदा चुरेहिलमा उपचार लिर्दै आएका बिरामी सेवा बाट बञ्चित हुने र सेवा लिनका लागि बाहिर जिल्लाका अस्पतालमा डाईलासिस् गर्न जानुपर्ने बाध्यता रहेको थियो । उपमहानगरको पहल पछि उनिहरूले उपचार सेवा हेटौंडामै पाउने अवस्था बनेको हेटौंडा अस्पतालका मेडिकल सुपरीटेण्डेन डाक्टर रामचन्द्र सापकोटाले बताए ।

थप दुई मेसिन सुचारू गर्ने कार्यक्रम उपमहानगरका नगर प्रमुख लामाको प्रमुख आतिथ्यतामा भएको थियो । कार्यक्रममा नगर प्रमुख लामाले निजी तथा सामाजिक संस्थाहरूको सहयोगमा उपमहानगरले सुरू गरेको डाइलासिस उपचार भन्दा पनि त्यसको निरूसाहनको पाटोमा ध्यान दिन आवश्यक रहेको बताए । उनले स्थानिय तहका काममा प्रसाशन सहयोगी बन्ने बताए । कार्यक्रममा हेटौंडा अस्पताल व्यवस्थापन समितिका अध्यक्ष राजेश प्रसाईंले अहिले पनि डाइलासिस् सेवा लिनका लागि ४५ जना बिरामि पर्खाइमा रहेको बताए । उनले हेटौंडा डाईलासिस्वाट हप्तामा ११० जना सेवाग्राहिलाई उपचार सेवा दिनुपर्ने अवस्था रहेको बताए । कार्यक्रममा हेटौंडा-१ का अध्यक्ष सविन न्यौंपाने, १० का अध्यक्ष फुर्वा दोर्जे लामाले मन्तव्य व्यक्त गरेका थिए । अहिले हेटौंडा डाइलासिस्मा १३ वटा मेसिनबाट उपचार सुबिधा दिँदै आएको छ भने एक मेसिन मर्मतको क्रममा रहेको अस्पतालले जनाएको छ ।

# नेपाल टप हुने विद्यार्थीलाई हेटौंडा उपमहानगरको सम्मान

◆ विकास संवाददाता

विभिन्न संकायमा अध्ययन गरी उच्च अंक सहित नेपाल टप हुने बिद्यार्थिलाई हेटौंडा उपमहानगरपालिकाले सम्मान गरेको छ । विद्यार्थीलाई अध्यापनका लागि प्रेरणा मिलोस भन्ने उद्देश्य सहित उपमहानगरले नगद सहित प्रशंसा पत्र प्रदान गर्दै सम्मान गरेको हो ।

हेटौंडा उपमहानगरपालिकका नगर प्रमुख मीनाकुमारी लामा र उपप्रमुख राजेश बानियाँले २०७९ सालको एइई परिक्षामा हेटौंडा-७ को तासिर इङ्गलिस बोर्डिङ स्कुबाट सहभागी बनेकी डाफिन राईका, मकवानपुर बहुमुखि क्याम्पसबाट बिबिए सातौं सेमष्टरमा सहभागि हेटौंडा-९ की सृष्टी महर्जन र मकवानपुर क्याम्पसबाटै २०७८ सालको बिबिएसमा सहभागि हेटौंडा-६ का प्रकाश गौतमलाई सम्मान गरेका हुन् । एसइईमा सहभागि डाफिनले ४ जिपीए, बिबिएम सातौं सेमेष्टरमा सहभागि सृष्टीले र बिबिएसमा सहभागि प्रकाशले सामुदायीक क्याम्पस तर्फ नेपाल टप गरेका थिए । सम्मान गर्दै हेटौंडा उपमहानगरका नगर प्रमुख




मीनाकुमारी लामाले आर्थिक अभाबका कारण कसैले पनि पढ्न नपाउने वातावरण नगरले नबनाउँने बताइन् । उनले नगरको शैक्षिक अवस्था सुधारका लागि उपमहानगरपालिकाले काम गरिरहेको बताइन् । शैक्षिक सुधारमा सामुदायीक क्याम्पस र विद्यार्थीले गरेको मेहनतको प्रशंसा गर्दै उच्च अंक ल्याउने सबैलाई बधाई दिइन् ।

उपमहानगर आफैले सञ्चालन गर्ने गरी इन्जिनियरिङ्ग कक्षा चलाउनका लागि पहल भैरहेको भन्दै नयाँ बिषय र टेक्निकल कक्षा सञ्चालन अहिलेको आवश्यकता भएको बताइन् । कार्यक्रममा उप प्रमुख बानियाँले शिक्षामा उज्वल भविष्य बोकेका बिदार्थिको अध्यापनमा उपमहानगरले कुनै कसर बाँकि नराख्ने बताए ।

शैक्षिक गुणस्तर राम्रा भएका विद्यार्थीलाई नेपालमै टिकाउनका लागि ठोस कार्यक्रम आवश्यक भएको बताए । सम्मान कार्यक्रममा हेटौंडा उपमहानगर पालिकाका प्रमुख प्रशासकिय अधिकृत शिबराज चौलागाई, उपमहानगरका बिज्ञ सल्लाहकार कृष्ण धिताल, शिक्षा महाशाखा प्रमुख गंगाधर रिमाल, तासिर इङ्गलिस बोर्डिङ्का प्रिन्सिपल बिनोद थपलियाको आतिथ्यता रहेको थियो ।

# राष्ट्रिय परिचयपत्र वितरणको तयारी

◆ विकास संवाददाता

जिल्ला प्रशासन कार्यालय मकवानपुरले राष्ट्रिय परिचयपत्र (कार्ड) वितरणको तयारी थालेको छ । राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागद्वारा छपाई गरी पठाइएको ३५ हजार ८ सय ६१ राष्ट्रिय परिचयपत्र (कार्ड) मकवानपुर प्रशासनमा आइपुगेको हो ।

जिल्ला प्रशासन कार्यालय मकवानपुरमा फोटो सहित खिचाएका कार्डहरू मात्र आएको र प्राप्त कार्डलाई रूजु गरी वितरणको तयारी गरिने प्रमुख जिल्ला अधिकारी (प्रजिअ) सूर्य सेढाईले बताए । मकवानपुरमा पहिलो चरणमा यसअघि २ हजार ७ सय २० वटा कार्ड आईपुगेको थियो । कार्ड वितरण प्रक्रियाका लागि राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले केहीदिनअघि आयोजना गरेको प्रशिक्षणमा मकवानपुर प्रशासनका तर्फबाट राष्ट्रिय परिचयपत्र शाखाका कम्प्युटर अपरेटर सगुन पुडासैनीलाई पठाएको थियो ।

पहिलो र दोश्रो चरण गरी मकवानपुरमा आइपुगेका ३८ हजार ५ सय ६१ वटा कार्डलाई सर्टीङ गरी प्रशासनले वितरण गर्ने तयारी थालेको प्रजिअ सेढाईले बताए । प्राप्त कार्डहरूको नाम अनुसार मोवाइलमा म्यासेज गर्ने र सोही आधारमा कार्ड प्राप्त गर्ने नागरिकले प्रशासनमा गएर स्वयम सहभागी भई दश औलाको बायोमेट्रिक लिएर मात्र प्राप्त गर्न सकिने प्रजिअ सेढाईले बताएका छन् ।



# घर्तिखोलाको भकारीढुङ्गा जाने बाटो वरपर लालीगुराँस रोपियो

◆ विकास संवाददाता



थाहानगरको पर्यटकीय गन्तव्य भकारीढुङ्गा जाने बाटो वरपर वृक्षारोपन गरिएको छ । थाहा नगरपालिका वडा नम्बर ३ का स्थानीय ६ जना युवाहरूले लालीगुराँसको विरूवा रोपेका हुन् ।

स्थानीय युवाहरू शिशिर कुमार खत्री, सितल विष्ट, अमृत मोक्तान, कपिल विष्ट, बाबिन विष्ट र योगेश कार्कीको समुहले ६० बोट गुराँसको बिरूवा रोपेका हुन । लियो क्लव अफ पिस थाहाका उपाध्यक्ष समेत रहेका शिशिर कुमार खत्रीको नेतृत्वमा गुराँसको बिरूवा रोपिएको हो ।

आफू जन्मेको स्थानको पर्यटकीय क्षेत्रलाई थप सुन्दर बनाउन र लालीगुराँसलाई संरक्षण गर्न समेत टेवा पुग्ने उद्देश्यले वृक्षारोपण गरिएको टोलीका शिशिर कुमार खत्रीले जानकारी दिए ।

# क्षयरोग मुक्त नेपाल घोषणा अभियानः थाहाको जनकल्याणमा अन्तरक्रिया कार्यक्रम

◆ विकास संवाददाता



स्वास्थ्य निर्देशनालय हेटौंडाको सहयोगमा थाहानगरको जनकल्याण माविमा क्षयरोग मुक्त नेपाल घोषणा अभियान अन्तर्गत अभिमुखिकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । विद्यालयका प्रधानाध्यापक सानोभाइ कार्कीको अध्यक्षतामा सम्पन्न अन्तरक्रिया कार्यक्रममा विभिन्न विद्यालयका शिक्षक प्रतिनिधिहरू तथा जनप्रतिनिधि हरूको उपस्थिति रहेको थियो ।

अभिमुखिकरण कार्यक्रमलाई थाहा नगरपालिकाका क्षयरोग मुक्त नगरपालिका घोषणा कार्यक्रमका संयोजक तथा स्वास्थ्य शाखा प्रमुख मेघराज बलामी, क्षयरोग फोकल पर्सन अमरेन्द्र यादवले सहजीकरण गरेका थिए ।

नेपाल सरकारले सन् २०३० सम्ममा क्षयरोग उन्मूलन गर्ने र सन् २०५० सम्ममा क्षयरोगमुक्त नेपाल बनाउने लक्ष्य राखेको छ । तर सरकारको क्षयरोगमुक्त नेपाल घोषणा गर्ने लक्ष्य कार्यान्वयनमा नै चुनौति देखिएको छ । नेपालमा क्षयरोग जनस्वास्थ्य को प्रमुख समस्याका रूपमा देखा परेकाले पनि यो अभियान कार्यान्वयनमा चुनौती देखिएको हो । यहाँ बर्सेनि करिब ६९ हजार क्षयरोगका नयाँ बिरामी थपिने अनुमान गरिएको छ । महिलाभन्दा पुरूष बढी जोखिममा रहेको देखिन्छ । सरकारले क्षयरोगमुक्त नेपाल घोषणा अभियान सञ्चालन निर्देशीका २०७८ जारी गरेपनि बर्सेनि क्षयरोगका बिरामी थपिने गरेका क्षयरोग फोकल पर्सनहरूको भनाइ रहेको छ ।

क्षयरोगका बिरामीहरूले लामो अवधिसम्म उपचार केन्द्रमा आई दैनिक औषधि सेवन गर्नुपर्ने हुन्छ, तर यसलाई झन्झट मानेर धेरै बिरामी नियमित रूपमा औषधि सेवन गर्दैनन् । अर्कातिर, सिकिस्त बिरामी नपरी स्वास्थ्य परीक्षण नगराउने र रोग लुकाएर राख्ने जस्ता कारणले क्षयरोगीको संख्या घट्न सकेको छैन ।

एकजना संक्रमित बिरामीबाट २० जनासम्ममा क्षयरोग सर्न सक्ने सम्भावना हुन्छ । क्षयरोगसँग मिल्दोजुल्दो लक्षण देखिनेबित्तिकै परीक्षण गराइहाल्नुपर्नेमा त्यसो नगर्दा क्षयरोग फैलिने गरेको छ । अहिले मकवानपुर सहित देशैभर क्षयरोग चुनौतीपूर्ण देखिएको कार्यक्रममा बताइयो ।

# थाहानगरको किटेनीमा पुशस्वास्थ्य शिविर



◆ विकास संवाददाता

थाहा नगरपालिका पशु विकास शाखाको आयोजनामा ४ नम्बर वडाको किटेनीमा एकदिने पशु स्वासथ्य शिविर भएको छ ।

ड्रेन्चिङ कार्यक्रम अन्तर्गत आन्तरिक तथा बाह्य परिजिवी नियन्त्रण सम्बन्धी शिविरमा वडाको टोल–टोलमा कृषि तथा पशु समूह र किसानहरूले पालेको पशुपंछीहरूलाई औषधि बितरण गरिएको थियो ।

वडा पशु प्राविधिक रूपेश कुमार मिश्रका अनुसार शिविरको दोश्रो दिन थाहा ४ को किटेनी घलेडाडामा भएको शिविरमा १ सय १५ जना कृषकले पालन गरेको गाई भैंसी, कुखुरा , बाख्रा, खसी, बोका, राँगाको लागि औषधि वितरणका साथै २५ वटा बोकाको कास्टेसिङ गरिएको छ ।

# सुत्केरीलाई पोषण सामाग्री

◆ विकास संवाददाता

मकवानपुरको बागमती गाउँपालिका ८ नम्बर वडा भित्र सुत्केरी हुने महिलाहरूलाई पोषणा सामाग्री उपलब्ध गराईने भएको छ ।

८ नंम्बर वडा अध्यक्ष इन्द्रमणी तिमल्सिना (केशव) ले आफ्नो तलब वापत प्राप्त हुने रकमले वडाभित्र सुत्केरी हुने महिलाहरूलाई सुत्केरी पोषणा सामाग्री उपलब्ध गराउने भएका हुन् । २०८० साउन १ गतेदेखि २०८१ असार मसान्त सम्म सुत्केरी हुने महिलाहरूलाई पोषणा सामाग्री उपलब्ध गराउन लागिएको हो । सुत्केरी महिलाको पोषणमा सुधार ल्याउने उद्देश्यले यो कार्यक्रम थालिएको तिमल्सिनाले बताए ।

# धुम्रपान तथा मध्यपान निषेधित क्षेत्र बनाउन बकैयामा बजार अनुगमन



◆ विकास संवाददाता

मकवानपुरको बकैया गाउँपालिकालाई लागुऔषध धुम्रपान तथा मध्यपान निषेधित क्षेत्र बनाउनका लागी बकैया गाउँपालिका अध्यक्ष तथा उपाध्यक्ष सहितको टोलीले बजार अनुगमन गरेका छन् ।

गाउँपालिकाले पूर्व निर्धारित सुचना अनुसारै लागुऔषध धूम्रपान तथा मध्यपान मुक्त गाउँपालिका स्थापित गर्न लागिएको हो । १ साउनबाट बकैया पुर्णरूपले लागूऔषध धुम्रपान तथा मध्यपान मुक्त बनाउने हेतुले पहिलो चरणको कार्य सुरू भएको गाउँपालिका अध्यक्ष धर्मराज लामिछानेले बताए । पहिलो चरणको कार्यक्रम अनुसार वडा नम्बर ३, ४ र ५ मा गाउँपालिका अध्यक्ष धर्मराज लामिछने, उपाध्यक्ष भक्तबहादुर खत्री र प्रमुख प्रशासकीय अधिकृत महेश श्रेष्ठलगायत सुरक्षाकर्मीहरूसहितको उपस्थितिमा विभिन्न मदिरा स्टोर र होटलहरूमा अनुगमन गरेका छन् ।

अनुगमनको क्रममा व्यावसायीहरूलाई अबको दिनबाट लागुऔषध, धूम्रपान तथा मध्यपान ओसारपसार तथा बिक्रीवितरण नगर्न गाउँपालिकाले अनुरोध गरेको छ । कसैले सो अनुरोधलाई बेवास्ता गरे कानुन बमोजिम कारबाही हुने पालिकका प्रतिनिधिहरूले चेतावनी दिएका छन् । पालिका भित्र सार्वजनिक पद धारण गरेका ब्याक्तीले कानुनको उलंघन गरे दोब्बर सजाय हुने समेत पालिका अध्यक्ष धर्मराज लामिछानेको भनाइ छ ।

# मनहरी गाउँपालिकाको राजश्व संकलन १८ करोड ३८ लाख

◆ विकास संवाददाता

मकवानपुरको मनहरी गाउँपालिकाले आर्थिक वर्ष २०७९/०८० मा १८ करोड ३८ लाख १६ हजार ४०५ रूपियाँ ८८ पैसा राजश्व संकलन भएको छ ।

गाउँपालिकाले वडागत रूपमा संकलन भएको राजश्वको विवरण सार्वजनिक गर्दै यस्तो जानकारी गराएको हो । मनहरीको वडा नम्बर १ ले ७ लाख २६ हजार ७०३ रूपियाँ पैसा एकासी, २ नम्बर वडाले ३ लाख १६ हजार ३०, ४ नम्बर वडाले ४ लाख ५५ हजार ८३२, वडा नम्बर ५ ले ९ लाख ४६ हजार ३५९, वडा नम्बर ६ ले १० लाख ४१ हजार ६३३, वडा नम्बर ७ ले १६ लाख ९९ हजार ५४२ रूपियाँ पैसा ५५, वडा नम्बर ८ ले १२ लाख ९२ हजार ७१५ र वडा नम्बर ९ ले १६ लाख २९ हजार ८९८ रूपियाँ राजश्व संकलन गरेको हो ।

त्यस्तै गाउँ कार्यपालिकाको कार्यालयमा २५ लाख ९९ हजार ५२६ रूपियाँ पैसा ३०, निकासी शुल्क १६ करोड ७६ लाख ९८ हजार ४२५ रूपियाँ पैसा ५५ र वातावरण शुल्क ४२ लाख ९६ हजार ५२९ रूपियाँ संकलन भएको प्रमुख प्रशासकीय अधिकृत मोहन कुमार श्रेष्ठले जानकारी दिए ।




समयमै व्यक्तिगत घटना दर्ता गरौं ।
थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा
जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफु मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
विकास
www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक
कार्यालय: थाहा-४ सम्पर्क नं. ९८०७१५३३००
२०८० साउन ०८ गते सोमबार, 24 July, 2023, Monday
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७



# बुङ्दलमा नक्षत्र बाटिकाको शिलान्यास

◆ विकास संवाददाता

मकवानपुरको भीमफेदी गाउँपालिका वडा नम्बर १ बुङ्दल बजार क्षेत्रमा र हेको क्षेत्रमा विहीबार २७ जातका विरूवाको बृक्षरोपण गरिएको छ । सव डिभिजन वन कार्यालय भैंसे र दरवार डाँडा समूदायिक वन उपभोक्ता समूहको संयुक्त आयोजनामा स्मृति नक्षत्र बाटिकाको शिलान्यास गरी विरूवा रोपिएको हो ।

मकवानपुरमा मात्रै नभई बागमती प्रदेशमै पहिलो पटक भूमिपूजन र नक्षत्रको पूजा गरी राशी अनुसारका विरूवाहरू रोपिएको डिभिजन वन कार्यालय राप्ती मनहरीका प्रमुख विष्णुप्रसाद आचार्यले बताए । उनका अनुसार १२ राशी, ९ ग्रह र २७ नक्षत्रलाई आधार मानेर स्मृति नक्षत्र बाटिकामा विरूवा रोपिएको बताए । प्रकृति र संस्कृतिको संयोजनलाई हामीले मकवानपुरमा पहिलो पटक यस क्षेत्रमा गरिएको बताए । धेरै जनालाई आफ्नो राशीअनुसार कुन विरूवा हुन्छ भन्ने थाहा छैन अब यस कार्यले धेर मानिसलाई आफ्नो राशी, नक्षत्र अनुसारको विरूवा चिन्न सकिने आचार्यले बताए ।

नक्षत्र बगैंचामा केरा, अमला, समि, आँक, मौलश्री, रि, पलाँस, बाँस, जामुन, डुम्री, सिसौ, खयर, पिपल, नागकेशरी, बर, लहरे पिपल, बेल, अर्जुन, कंकरो, सिमल, वेत, कटहर, कदम, आँप महुवा, नीमको विरूवा रोपिएको आचार्यले बताए । डिभिजन वन कार्यालय राप्ती, मनहरीको सहयोगमा वन उपभोक्ता समूहको संरक्षणमा हुनेगरी स्मृति नक्षत्र वृक्षरोपण गरिएको कार्यक्रम संयोजक सलिना राईले बताईन् । उनका अनुसार डिभिजन वन कार्यालयको वार्षिक कार्यक्रम अन्तरगत यस कार्यक्रम गरि एको बताईन् ।

कार्यक्रममा डिभिजन वन कार्यालय मकवानपुरका प्रमुख शिव सापकोटा, मनहरीका प्रमुख आचार्य, भीमफेदी वडा १ का वडाध्यक्ष सोमबहादुर स्याङ्तान, मकवानपुर गढी ५ का वडाध्यक्ष दिपेश दाहालगायतको आतिथ्यता थियो ।

# तीन पालिकामा सुर्तीजन्य पदार्थ निषेध

◆ विकास संवाददाता

मकवनपुरका केही स्थानीय तहले १ साउनबाट मादक पदार्थ तथा सुर्तीजन्य पदार्थहरूमा प्रतिबन्ध लगाएको छ । बागमती प्रदेशको राजधानीसमेत रहेको हेटौंडा उपमहानगरपालिकाले सार्वजनिक स्थलमा सुर्तीजन्य पदार्थको प्रयोगलाई नियन्त्रण तथा नियमन गर्ने भएको छ। मनहरी गाउँपालिकाले बेचबिखन र प्रयोगमै प्रतिबन्ध लगाउने तयारी गरेको छ ।

बकैया गाउँपालिकाले १ साउनबाट पालिकाभित्र मादक पदार्थको जथाभावी प्रयोग र सूर्तीजन्य पदार्थको प्रयोग र बेचबिखनमा प्रतिबन्ध लगाउने घोषणा गरेको छ । हेटौंडा उपमहानगरपालिकाका प्रवक्ता सबिन न्यौपानेले सरकारले जारी गरेको सुर्तीजन्य पदार्थ नियन्त्रण एवं नियमन ऐनलाई टेकेर उपमहानगर पालिकाले ०७७ मा बनाएको निर्देशिकाका आधारमा सुर्तीजन्य पदार्थको प्रयोगलाई नियन्त्रण तथा नियमन थालेको छ ।

'सार्वजनिकस्थलहरू जस्तै विद्यालय, सरकारी कार्यालय, अस्पताल जस्ता क्षेत्रको एक सय मिटर क्षेत्रभित्र सुर्तीजन्य पदार्थको बेचबिखन र प्रयोगमा पूर्णरूपमा प्रतिबन्ध लगाउन उपमहानगरपालिकाले १ साउनबाट अभियान सुरू गर्यो,' उनले भने, 'त्यसका लागि सबैभन्दा पहिले उपमहानगरका टोलटोलमा प्रचार-प्रसार गरिएको उनको भनाइ छ ।

## दुषित पानीका कारण हुने रोगप्रति सजग रहौं !

– फोहर पानी पिउनाले झाडापखाला, हैजा, टाइफाइड, आउँ, जण्डिसजस्ता रोग लाग्न सक्छ । त्यसैले:
– खोला, धारा वा मुलको पानी सिधै नपिऔं ।
– पानी उमालेर मात्र पिऔं ।
– उमाल्न सम्भव नभएमा शुद्धीकरण गरेर मात्र पिऔं ।
– पिउने पानीलाई सफा भाँडामा छोपेर राखौं र सफा भाँडाले पानी झिक्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## थाहा नगरपालिकाको सार्वजनिक सूचना ।

- नयाँ निजि तथा सार्वजनिक भवनहरु निर्माण गर्नु अगाडि अनिवार्य रुपमा पालिकाको कार्यालयमा गई नक्सा पास गरौं ।
- भवन मापदण्डको पालना गरौं, सुरक्षित भविष्य सुनिश्चित गरौं।
- घटना घटेको ३५ दिन भित्रमा नि:शुल्क रुपमा व्यक्तिगत घटना दर्ता गरौं ।
- समयमा नै कर तिरौं, नागरिक कर्तव्यको परिपालना गरौं ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आ-आफ्नो वडा कार्यालयमा गई नाम दर्ता र विवरण अद्यावधिक गरौं ।
- बाल विवाह अन्त्य गरौं, बाल श्रम निर्मुल गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिका कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

## कृषकहरुका लागि जनहितमा जारी सन्देश




- कृषि तथा पशु बिमा गरौं, व्यवसायमा हुने जोखिमबाट बचौं ।
- कृषिमा विषादी न्यूनीकरण गर्न आइपीएम प्रणाली अपनाऔं ।
- बेलाबेलामा खेतबारीको माटो परिक्षण गराई खेतिपाती गरौं ।
- घाँसमा आधारित पशुपालन गरौं, उत्पादन लागत घटाऔं ।
- जैविक र प्राङ्गारिक खेतीमा जोड दिऔं, उत्पादन बढाऔं ।
- घरपालुवा कुकुर र बिरालोलाई नियमित खोप लगाऔं, रेबिजबाट बचौं ।
- पशुलाई ६/६ महिनामा जुकाविरुद्ध औषधि खुवाऔं, पशुजन्य उत्पादन बढाऔं ।
- पशुलाई कुनै रोग लागेमा उपचारका लागि नजिकैको पशुसेवा केन्द्रमा सम्पर्क गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

## राष्ट्रिय खोप-तालिका

| पटक/भेट | कुन उमेरमा | कुन खोप |
|---|---|---|
| १ | जन्मने वित्तिकै | बि. सि. जी. |
| २ | ६ हप्तामा | रोटा<br>पोलियो<br>पि. सि. भी.<br>डि.पि.टी.-हेप बी-हिब |
| ३ | १० हप्तामा | रोटा<br>पोलियो<br>पि. सि. भी.<br>डि.पि.टी.-हेप बी-हिब |
| ४ | १४ हप्तामा | पोलियो<br>एफ.आई.पि.भी.<br>डि.पि.टी.-हेप बी-हिब |
| ५ | ९ महिनामा | एफ.आई.पि.भी.<br>पि.सि.भी.<br>दादुरा-रुबेला |
| ६ | १२ महिनामा | जापानिज इन्सेफलाइटिस |
| ७ | १५ महिनामा | दादुरा-रुबेला<br>टाइफाइड |

खोप लगाएता पनि सधै सरसफाईका सबै व्यवहारहरुको पालना गरौं ।

खोप नि:शुल्क पाइन्छ | खोप सुरक्षित छ | खोपले जीवन रक्षा गर्छ

थाहा नगरपालिका

● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी